(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# ~~नेपाल~~ एनइए इन्जिनियरिङ कम्पनी लिमिटेडको

## प्रवन्ध-पत्र

१. <u>कम्पनीको नामः</u>

यस कम्पनीको नाम ~~नेपाल~~ एनइए इन्जिनियरिङ कम्पनी लिमिटेड हुनेछ । अँग्रेजिमा ~~Nepal~~ NEA **Engineering Company Limited** हुनेछ ।

२. <u>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः</u>

यस कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.पा. वडा नं. ३१ मा रहनेछ ।

३. <u>कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृतिः</u>

कम्पनीको कारोवार सेवा तथा व्यापारमूलक हुनेछ ।

४. <u>कम्पनीको उद्देश्यः</u>

(१) यस कम्पनीको मुख्य उद्देश्य देहायबमोजिम हुनेछः

(क) जलस्रोतबाट विद्युत उत्पादन लगायत बहुपक्षीय उपयोगसम्बन्धमा अध्ययन, अनुसन्धान, प्राविधिक परामर्श तथा सेवा उपलब्ध गर्ने गराउने ।

(ख) विविध स्रोतबाट विद्युत उत्पादन, प्रसारण र वितरणसम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने प्राविधिक सेवा उपलब्ध गराउने, विद्युत प्रसारण वितरण लाईन एवं सब-स्टेशनहरुको डिजाइन लगायत अन्य विषयमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।

(ग) प्राकृतिक, वैज्ञानिक खोज लगायतका सम्भाव्य सबै स्रोतबाट विद्युत उत्पादन, प्रसारण, वितरण तथा जलस्रोतको बहुपक्षीय उपयोगसम्बन्धी आयोजनाको पहिचान, संभाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ डिजाइन, निर्माणसम्बन्धी कार्य तथा तत्सम्बन्धमा परामर्शदाताको रुपमा कार्य गर्ने गराउने ।

(घ) विद्युत उत्पादन, वितरण, जलस्रोतको बहुउपयोगसम्बन्धी योजनाहरुको मर्मत सम्भार, विस्थापन, क्षमता वृद्धि, पुनर्निर्माणसम्बन्धी अध्ययन तथा सोसम्बन्धी सेवा उपलब्ध गर्ने गराउने ।

(ङ) विद्युत उत्पादन, वितरण, प्रसारणको लागि आवश्यक पर्ने औजार, उपकरण, यन्त्र तथा सामानहरुको उत्पादन, आयात, निर्यात, खरिदबिक्री तथा आपूर्तिसम्बन्धी कार्य गर्ने ।

(च) विद्युत उत्पादन, प्रसारणसम्बन्धी यन्त्र, उपकरण र सामानहरुको गुणस्तर जाँचसम्बन्धी सेवा उपलब्ध गराउने ।

(छ) विद्युत उत्पादन र प्रसारणसम्बन्धमा आवश्यक पर्ने प्रयोगशाला सञ्चालन गर्ने गराउने ।

(ज) विद्युत उत्पादन, वितरण र प्रसारणसम्बन्धी सामानहरुको उत्पादन, बिक्री तथा आपूर्तिसम्बन्धी कार्य गर्ने गराउने ।

(झ) विद्युत र जलस्रोतको बहुपक्षीय उपयोगसम्बन्धी आयोजनाहरुको निर्माण, क्षमता अभिवृद्धि, विस्थापन सम्बन्धमा सामाजिक एवं वातारणीय पक्षहरुको अध्ययन एवं परिक्षणसम्बन्धी कार्य गर्ने गराउने ।

(ञ) विद्युतजन्य तथा जलस्रोतको बहुपक्षीय उपयोगसम्बन्धी आयोजनाहरुको लागि भौगोलिक, भौगर्भिक, भुप्राविधिक, खगोलसम्बन्धी पक्षहरुको अध्ययन अनुसन्धान र परामर्श सेवा उपलब्ध गर्ने गराउने ।

(ट) विद्युत उत्पादन, प्रसारण, वितरण र जलस्रोतको बहुपक्षीय उपयोगको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्ने गराउने ।

(ठ) विद्युत क्षेत्रमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि तथा नविनतम् खोजहरुको जानकारी दिन ज्ञान आदान प्रदान, तालिम, पुनर्ताजगी तालिम, जानकारीमूलक तालिम, गोष्ठी, सेमिनार आयोजना गर्ने ।

(ड) विद्युत, जलस्रोतको बहुपक्षीय उपयोग, विद्युत वितरण, प्रसारणसम्बन्धमा अनुसन्धान, खोजमूलक, जानकारीमूलक प्रकाशनसम्बन्धी कार्य गर्ने गराउने ।

(ढ) इन्जिनियरिङ्गसँग सम्बन्धित सबै कार्यहरुमा परामर्श सेवा उपलब्ध गराउने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः</u>

यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) अन्य आवश्यक कुराहरूः

(१) कम्पनीले आवश्यक घर, गोदाम तथा अन्य चल-अचल सम्पत्ति आदि लीज वा भोग बन्धकीमा लिने, निर्माण एवं मर्मत-सम्भार गर्ने,

(२) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने,

(३) मुलुकभरका कुनै पनि वित्तीय संस्था तथा बैङ्कहरूमा कम्पनीको नाममा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, बिल अफ एक्सचेन्ज, प्रोमिसरी-नोट, चेक आदि

जारी गर्ने दरपीठ गर्ने भुक्तानी लिने, दिने, एल.सि. खोल्ने, मन्जुर गर्ने यस्तै प्रकारका अन्य आवश्यक कामहरु गर्ने,

(४) कम्पनीको लागि प्राप्त हुनसक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न सम्बन्धित निकायहरुसँग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने,

(५) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने,

(६) कम्पनीलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक, कानुनी लगायतका सल्लाहकार नियुक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने,

(७) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्न विभिन्न सञ्चारका माध्यमहरुबाट विज्ञापन सूचना आदि प्रचार-प्रसार गर्ने, गराउने,

(८) कम्पनीले आवश्यकताअनुसार चल-अचल सम्पत्ति खरिद गर्ने, आफ्नो नामको जग्गाहरु बिक्री गर्ने, भाडामा दिने, सट्टापट्टा गर्ने एवं धितो बन्धक राख्ने,

(९) प्रचलित कानूनको अधीनमा रही स्वीकृति लिनुपर्ने विषयमा स्वीकृति लिई कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने,

(१०) अन्य आवश्यक कुराहरु सञ्चालक समिति र साधारण सभाले कम्पनी ऐन एवं प्रचलित कानुनको अधीनमा रही समय समयमा निर्णय गरेबमोजिम हुनेछ ।

६. **कम्पनीको पुँजीको संरचनाः**

कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पुँजी रु.१,००,००,००,०००।- (एक अर्ब) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १००।- दरका १००,००,००० (एक करोड) थानसाधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पुँजी रु.१,००,००,००,०००।- (एक अर्ब) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००।- दरका १००,००,००० (एक करोड) थानसाधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.१०,००,००,०००।- (दश करोड) हुनेछ ।

(घ) कम्पनीको शेयरको बिक्री तथा बाँडफाँड निम्नानुसार गरिनेछः

| क्र.सं. | शेयर धनीहरु | शेयर प्रतिशत |
|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण, | ५१ |
| २ | विद्युत उत्पादन कम्पनी लिमिटेड, | १७ |
| ३ | राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड र | १७ |
| ४ | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड । | १५ |

७. कम्पनीका शेयरको किसिमः

यस कम्पनीको शेयरको किसिम देहायबमोजिम हुनेछः

(क) कम्पनीका सबै शेयरहरु तत्कालका लागि साधारण शेयर मात्र रहनेछ । भविष्यमा पुँजीको आवश्यकता तथा सोको पर्याप्तताका आधारमा प्रचलित कानूनबमोजिम साधारण सभामा विशेष प्रस्ताव पारित गरी सम्बन्धित निकायको फिर्ता हुने (रिडिमेवल), फिर्ता नहुने (ईरिडिमेवल) तथा अन्य प्रकारका शेयरहरु कम्पनीले जारी गर्न सक्नेछ ।

(ख) अग्राधिकार शेयर लगायत अन्य कुनै पनि शेयर जारी गर्नुपर्ने भए सोको संख्या, प्रतिशेयरको मूल्य, त्यस्ता शेयरधनीको हक अधिकारसम्बन्धी व्यवस्था तथा यस्ता शेयरसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून एवं धितोपत्र ऐन तथा निर्देशनको अधीनमा रही कम्पनीले निर्धारण गर्नेछ ।

८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देजः

(क) सम्बन्धित निकायको पूर्वस्वीकृति नलिई कम्पनीको शेयर कुनै व्यक्ति वा संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देजसम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवारसम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

९. शेयरवापतको रकमको भुक्तानीः

(१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयरबापतको रकम आंशिक वा पूर्णरुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयरबापत कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयरबापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

१०. दायित्व सीमित हुनेः

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अङ्कित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानतसम्बन्धी सम्झौताबमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. अन्य आवश्यक कुराहरुः

(१) कम्पनीको संस्थापन गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(२) कम्पनीको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

(३) कम्पनीले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(५) सम्बन्धित निकायको पूर्वस्वीकृति लिई कम्पनीले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(६) कम्पनीले धितोपत्र ऐन तथा नियमावलीले बन्देज लगाएका कार्य गर्न पाउने छैन ।

(७) कम्पनीले आवश्यकता महसुस गरेमा सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी कम्पनीको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) कम्पनी अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(९) कम्पनीको काम कारबाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(१०) कम्पनीले आफ्नो नामबाट नालिस उजूर गर्न र यसउपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(११) कम्पनीको शेयरधनीहरूको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको मूल्यमा सीमित हुनेछ ।

(१२) कम्पनीका सबै कामहरू धितोपत्र ऐन तथा धितोपत्र नियमावली र कम्पनीसम्बन्धी कानून र अन्य प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

१२. <u>कम्पनीको प्रकृति अनुरुप थप व्यवस्थाः</u>

कम्पनीको उद्देश्यअनुसारको व्यवसाय, उद्यम, कारोवार सञ्चालन गर्नको लागि प्रचलित कानूनबमोजिम कुनै निकाय वा पदाधिकारीबाट अनुमति लिनुपर्ने भएमा सम्बन्धित निकाय वा पदाधिकारीबाट अनुमति लिएर मात्र कारोबार सञ्चालन गरीनेछ ।

१३. <u>प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्थाः</u>

यस प्रवन्धपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. <u>प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः</u>

यस प्रवन्धपत्रमा लेखिएका कुराहरु कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

१५. <u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः</u>

हामी ~~नेपाल~~ इन्जिनियरिङ कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षीसम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्तापश्चात् सृर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानूनबमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबुको नाम | ना.प्र.नं. र जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | ना.प्र.नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द. ........................<br>१. नामः नेपाल विद्युत प्राधिकरणको तर्फबाट अख्तियारी प्राप्त ऐ. को कार्यकारी निर्देशक कुलमान घिसिङ<br>२. ठेगानाः का.जि.का.म.न.पा.-३१<br>छाप | | | ५,१०,००० | द.<br>नामः दिनेश कुमार रोका<br>ठेगानाः का.म.न.पा. ३२<br>दा. वा. | |
| द. ........................<br>१. नामः विद्युत उत्पादन कम्पनी लि.को तर्फबाट अख्तियारी प्राप्त सञ्चालक चिरञ्जीवी चटौत<br>२. ठेगानाः का.जि.का.म.न.पा.<br>छाप | | | १,७०,००० | द.<br>नामः श्रीप्रसाद देवकोटा<br>ठेगानाः का.म.न.पा. ३२<br>दा. वा. | |
| द. ........................<br>१. नामः राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि.को तर्फबाट डा. नेत्र प्रसाद ज्ञवाली<br>२. ठेगानाः का.जि.का.म.न.पा.<br>छाप | | | १,७०,००० | द.<br>नामः विष्णुप्रसाद घिमिरे<br>ठेगानाः का.म.न.पा. ३२<br>दा. वा. | |
| द. ........................<br>१. नामः जलविद्युत लगानी तथा विकास कम्पनी लि.को तर्फबाट मुक्ति बोध न्यौपाने<br>२. ठेगानाः का.जि.का.म.न.पा.<br>छाप | | | १,५०,००० | द.<br>नामः यादव प्रसाद रिमाल<br>ठेगानाः चक्रबरे-६, नुवाकोट<br>दा. वा. | |

मस्यौदाकार कानून व्यवसायी

दस्तखतः

नामः डा. दिप मणी पौडेल

अधिवक्ता प्र.प.सं. ५६७८

ठेगानाः मालीगाउँ, काठमाण्डौ

इति सम्वत् २०७३ साल पुष .....गते रोज .... शुभम् ................................